# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ पुष १ गते

## न्याय दिन ढिलाई नगर्न सम्बन्धित निकायलाई तत्काल पहल गर्न आग्रह

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्माले गोरखा फुजेलका कृष्ण प्रसाद अधिकारीको हत्या सम्बन्धमा दोषीलाई कारबाही गरी कानूनी दायरामा ल्याउन आयोगले सहयोग गर्ने बताउनु भएको छ । लामो समय देखि वीर अस्पतालमा अनसनरत गंगामाया अधिकारीको स्वास्थ्य अवस्था बुझ्न वीर अस्पताल पुग्नु भएका अध्यक्ष शर्माले दोषीलाई कानून बमोजिम कारबाही हुनुपर्ने र सो कार्यमा आयोगले आफ्नो क्षेत्राधिकार भित्र रहेर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । न्याय पाउने अधिकारबाट कसैलाई पनि वंञ्चित गर्न नहुने तथा छिटो छरितो भएमा मात्रै मानव अधिकारको संरक्षण र सम्मान हुने अध्यक्ष शर्माले उल्लेख गर्नुभयो ।

सो अवसरमा गंगामाया अधिकारीले दोषीलाई कानून बमोजिम कारबाही नभएसम्म आफ्नो पति स्व.नन्दप्रसाद अधिकारीको सद्गद् समेत नगर्ने बताउनुभयो । न्याय माग्दा माग्दै श्रीमान्को मृत्यु भएको अध्यक्ष शर्मालाई जानकारी दिदैं गंगामायाले न्याय दिन ढिलाई गरे आफ्नो पनि कुनै दिन मृत्यु हुन सक्ने तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु भएको थियो ।

आयोगले उक्त घटनाको अनुसन्धान गरी २०६५ साल चैत २३ गते दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन, पीडित परिवारजनलाई क्षतिपूर्ति दिन र आफ्नो घरमा पुनः फर्कनका लागि सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई सिफारिश गरेको थियो । साथै सो सम्बन्धमा नेपाल सरकारले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न पनि आयोग आग्रह गर्दछ ।

नन्दप्रसाद अधिकारीको मृत्यु भएको एक वर्ष पूरा हुँदा समेत उनको शवको आफ्नो धर्म संस्कृति अनुसार अन्त्येष्टि हुन पाउने अधिकार समेत हनन् भएको अवस्थाप्रति आयोगले यस अघि पनि समय, समयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै आएको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org